प्राकृतिक स्रोत (वनजन्य) ओसार पसार तथा विक्रि गर्ने व्यावसायीहरुवाट व्यावसाय कर संकलन कार्यको लागि

## ठेक्का सम्झौता फाराम

लिखितम श्री ववर वहादुर राई को नाती श्री कृपाराम राई को छोरा श्री सुवास राई भोजपुर जिल्ला भोजपुर नगरपालिका वडा नंवर १० भैसिपंखा स्थायी घर भई हाल भोजपुर नगरपालिका वडा नंवर ९ भोजपुर वजारमा वसोवास गर्दै आएको वर्ष ३७ को श्री सुवास राई ले तपशिल बमोजिमको शर्तमा तपशिल बमोजिमको क्षेत्रमा शिलवन्दि दरभाउपत्र वढावड वाट ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयवाट प्रकाशित गरिएको मिति २०८१।०४।२५ को सूचना बमोजिम प्राकृतिक स्रोत (वनजन्य) ओसार पसार तथा विक्रि गर्ने व्यावसायीहरुवाट व्यावसाय कर संकलन कार्यको लागि तपाई समेतले पेश गर्नु भएको शिलवन्दि दरभाउ पत्र मुल्यांकन गर्दा आ.व. २०८१।०८२ का लागि १,५३,०००।०० अक्षेरिपि रु एक लाख त्रिपन्न हजार मात्र कवोल गरी मुल्य अभवृद्दि कर वाहेक मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति २०८१।०५।१९ मा यस कार्यालयवाट निर्णय भएको हूँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा भोजपुर नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थिथ भएकोछु ।

तपशिलमा लेखिए वमोजिमको शर्तमा कुनै घटीवढी नपारी कामकाज गरी कवोल गरेको रकम रु १५३०००।०० वाट यस कार्यालयलाई १० दश प्रतिशतले हुने छुट पाउने रकम रकम रु १५३००।०० रकम कटाई सम्पुर्ण किस्ताको एकमुष्ट १,३७,७००।०० नगदी रसिद नंवर ७७३ वाट र कुल कवोल रकमको अग्रिम कर १.५ प्रतिशतले हुने रकम रु २,२९५।०० तथा कवोल रकम को मु.अ.कर रु १९,८९०।०० गरि कुल रकम रु १,५९,८८५।०० नगदि रसिद नंवर ६८९९५०४० र ६८९९५४८२ वाट वुझाई मिति २०८१।०५।२० देखि २०८२।०३।३१ सम्म आ.व. २०८१/०८२ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै उजुर गर्नेछैन गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी संग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा वुझाएको छु ।

## तपशिल

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व.२०८०।०८१ का लागि छुट पाउने रकम कटाई कवोल रकम रु १,५३,०००।०० को मुल्य अभिवृद्दि कर कवोल गरेको रकम को १३ प्रतिशतले रु १९,८९०।०० र कवोल रकमको अग्रिम कर २,२९५।०० सहित गरी जम्मा नगद रु १,५९,८८५।०० वुझाई २०८१।०४।२७ गते देखि २०८२।०३।३१ गते सम्मको लागि प्रचलित कानूनको अधीनमा रही वन जन्य स्रोतको व्यावसायीबाट व्यावसाय कर आय संकलन गर्नेछु ।

२. उक्त आय संकलन गर्नका लागि नगरपालिका क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा विक्रि/ मूल्य /सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरि नगरपालिका भोजपुरलाई अग्रिम एकमुष्ट रकम वुझाएको छु ।

३. सो संकलन गर्न नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र भोजपुर नगर कार्यपालिकावाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा कलाई मन्जुर छ ।

क. नेपाल सरकार वा नगरपालिका लाई प्रचलित कानुन बमोजिम वुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदी सवै ठेकेदार स्वयमले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ । सो वापत वुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।



भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

ख. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक खुल्ने गरी ठेकेदारले आफ्नै तर्फवाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्वर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

ग. बिक्रि करका दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नु पर्नेछ ।

घ. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून वमोजिम हुनेछ ।

ङ. तोकिएको म्यादभित्र ठेकेदारले नगरपालिकालाई वुझाउनु पर्ने किस्ता रकम नवुझाएमा भोजपुर नगरपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै वाकि किस्ता रकमको १० प्रतिशतका दरले व्याजसमेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

च. प्रचलित ऐन नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

छ. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट वा सो दिनको चार वजे देखि २०८२।०३।३१ सम्म विहान ८ वजे देखि वेलुका ६ वजे सम्म मात्र कर संकलन समय अवधि हुनेछ ।

ज. गोलिया/ रुख संकलन ( डिभिजन वन कार्यालय भोजपुरबाट कटान निकासी गर्न स्वीकृत भएका सवै प्रकारका गोलिया तथा काठहरु ) भन्डारण गरी विक्रिवितरण गर्ने व्यक्ति वा संस्थालाई प्रति क्यू फिट निकासी पूर्जिको आधारमा लिनुपर्नेछ ।

झ. यस करार संझौता अनुसार जम्मा एक वर्ष ३६५ दिन सम्म मान्य हुनेछ । तर सो अगावै अर्को ठेक्का लागेको अवस्थामा २०८२ साल असार मसान्त सम्म मात्र हुनेछ ।

ञ. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

ट. कर संकलन गर्ने पारित गरिएको करका दरः

| क्र.सं. | विवरण | आ.व. २०८१।८२ |
|---|---|---|
| १ | गोलिया/ रुख संकलन भन्डारण गरी विक्रिवितरण गर्ने व्यक्ति वा संस्थालाई प्रति क्यू फिट निकासी पूर्जिको आधारमा लिने | रु २।०० |

ठेकेदारको तर्फवाट हस्ताक्षर गर्ने
हस्ताक्षर ...
नामःश्री सुवास राई
वुवाको नामः श्री कृपा राम राई
वाजेको नामः श्री ववर वहादुर राई
ठेगानाः भोजपुर नगरपालिका वडा नंवर -९ भोजपुर
फर्मको नामः शुभ लक्ष्मि फर्निचर उद्योग
स्था.ले.नं./मु.अ.कर दर्ता नं. ६०७९८७७१५
मितिः२०८१।०५।१९

कार्यालयको तर्फवाट हस्ताक्षर गर्ने
हस्ताक्षर ...
कार्यालय प्रमुखको नामः श्री मुकुन्द राई
पदः प्रमुख प्रशासकीय अधिकृत
ठेगानाः नगरकार्यपालिकाको कार्यालय भोजपुर
मितिः२०८१।०५।१९

प्रमुख प्रशासकीय अधिकृत

साक्षिहरु
१. श्री दावा छिरिङ्ग शेर्पा भो.न.पा.- ९ भोजपुर
२. श्री लदोर्चि शेर्पा अधिकृत छैठौ
मितिः २०८१।०५।१९